प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)**
कोशी प्रदेश, बिराटनगर, नेपाल

**सुची दर्ता गराउने सम्बन्धी सूचना**

(सूचना प्रकाशन मिति २०८०/०४/२२ गते)

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश बीच समझदारी पत्रमा हस्ताक्षर भई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) आ.व. २०७६/७७ देखि कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गतको प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कुनै एक वा एकभन्दा बढी विषयहरुमा कार्यक्रम संचालन गर्न इच्छुक र योग्यता पुगेका परामर्शदाता व्यक्ति, फर्म/संस्था वा कम्पनीबाट देहायका कागजातहरु सहित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम १८ बमोजिम रीतपुर्वक सूची दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका इच्छुक परामर्शदाता व्यक्ति, फर्म/संस्था वा कम्पनीहरुले तल दिईएको इमेल ठेगाना वा स्वयं उपस्थित भई निवेदन दिन सक्नु हुने छ । साथै, यस सम्बन्धी अन्य कुराहरुको हकमा कानून बमोजिम सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

**तपशिल**

१. प्रदेश तथा स्थानीय तहहरुको लागि एकल र साझा अधिकारमा आधारित आवश्यक नीति, कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण
२. प्रदेश तहमा निर्मित कानूनहरुको अध्ययन
३. प्रदेश तहको GESI स्थिति प्रतिवेदन (GESI Status Report) तयारी
४. PLGSP को असल अभ्यास सम्बन्धी बित्तचित्र निर्माण
५. प्रदेश तहको राजस्व सुधार कार्य योजना निर्माण
६. प्रदेश तहको क्षमता विकाश योजना निर्माण
७. सूचना प्रविधिसंग सम्बन्धित सफ्टवेयर विकास, निर्माण तथा अध्यावधिक
८. प्रदेश आवधिक योजनाको समिक्षा
९. अन्तर सरकारी सम्बन्ध र समन्वय, संघियता र सुशासन, जवादेहिताका औजारहरुको प्रयोग

**आवश्यक कागजातहरु :**

- परामर्शदाता संस्था वा फर्म दर्ताको प्रमाण पत्र
- संस्था, फर्मको हकमा मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाहरुको पत्र
- व्यक्तिको हकमा मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र
- आ व २०७९/८० सम्मको कर चुक्ता प्रमाणपत्र
- सम्बन्धित कार्य गर्न व्यवसायिक इजाजत पत्र
- सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को अनुसूची २(क) बमोजिमको ढाँचामा रितपूर्वक आधिकारिक निवेदन
- संस्थागत विवरण (Organizational Profile)
- संस्था र जनशक्तिहरुको कालो सुचिमा नरहेको बारे स्वःघोषणा पत्र
- प्रस्तावित कार्यक्रम संचालनका लागि संलग्न हुने जनशक्तिहरुको वैयक्तिक विवरण (बायोडाटा)
- परामर्शदाता संस्था/व्यक्तिको हकमा संस्थाले हासिल गरेको कार्य अनुभव र कार्यदक्षता खुल्ने कागजातहरु
- प्रचलित कानुन बमोजिम अन्य कागजातहरु

**परामर्शदाता संस्था/फर्मको न्युनतम योग्यता**

- कार्यक्रम संचालन गर्न प्रस्ताव गरिएको क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्ने
- प्रमुख जनशक्तिहरुको न्युनतम शैक्षिक उपाधी स्नातकोत्तर हुनुपर्ने
- सम्बन्धित क्षेत्रमा न्युनतम ३ वर्षको कार्य अनुभव भएको जनशक्ति भएको हुनुपर्ने
- सरकारी निकाय तथा कार्यालयहरुसंग कार्य गरेको अनुभव भएको

**निवेदन पेश गर्ने ठेगाना**
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, बिराटनगर
इमेलः **ppiu.p1@plgsp.gov.np**
फोनः ०२१-४७०५५३, ४७०५५४